प्रदेश सरकार
तथा योजना मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

विधेयक संख्याः

# कर्णाली पूर्वाधार विकास प्राधिकरण ऐन, २०७६

## प्रदेश सभा सचिवालय

### कर्णाली प्रदेश

### वीरेन्द्रनगर, सुर्खेत

## उद्देश्य र कारण

प्रदेश सरकारले प्रदेशका रणनीतिक महत्व र प्रदेश गौरवका विकास आयोजनाको छनौट र प्राथमिकीकरण गर्न, कार्यान्वयन तीव्र रुपमा अघि बढाउन, कुनै पनि आयोजनालाई समस्यारहीत तवरले निर्धारित लक्ष्य प्राप्त गर्ने गरी समयमै सम्पन्न गर्न र आम जनताको हित र सुविधालाई दिगो, स्तरीय, भरपर्दो र सुरक्षित बनाई प्रदेशको समृद्धि र राष्ट्र निर्माणमा योगदान पुर्याउन कर्णाली पूर्वाधार विकास प्राधिकरणलाई अझ सक्षम, सेवामूलक र उत्तरदायी बनाउने गरी यसको गठन, काम, कर्तव्य र अधिकार र पूर्वाधार कोष सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले यो विधेयक पेश गरेको छु ।

मितिः २०७६/०१/२९

प्रकाश ज्वाला
मानानीय मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश

मा.मन्त्री
प्रकाश ज्वाला

# आर्थिक टिप्पणी

नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सरकारले प्रदेशका रणनीतिक महत्व र प्रदेश गौरवका विकास आयोजनाको छनौट र प्राथमिकीकरण गर्न, कार्यान्वयन तीव्र रुपमा अघि बढाउन, कुनै पनि आयोजनालाई समस्या रहीत तवरले निर्धारित लक्ष्य प्राप्त गर्ने गरी समयमै सम्पन्न गर्न र आम जनताको हित र सुविधालाई दिगो, स्तरीय, भरपर्दो र सुरक्षित बनाई प्रदेशको समृद्धि र राष्ट्र निर्माणमा योगदान पुर्याउन कर्णाली पूर्वाधार विकास प्राधिकरण लगायतका संरचना तथा पूर्वाधार विकास कोष समेतको व्यवस्था गर्दा आर्थिक व्ययभार स्वभाविक हुने देखिएकोले प्रदेश सरकारले आर्थिक दायित्व बहन गर्दै सभा समक्ष विधेयक पेस गरेको छु ।

मितिः २०७६/०१/२९

प्रकाश ज्वाला
माननीय मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश

मा.मन्त्री
प्रकाश ज्वाला

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको केही दफाहरुमा प्रत्यायोजित व्यवस्थापनका विषयहरु समावेश भएकोले प्रस्तावित यस विधेयकको निम्न दफाहरुमा देहाय बमोजिम नियमावली बन्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

| क्र.सं. | दफा, उपदफा | दफा/उपदफाको विवरण | नियम बनाउनुपर्ने कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने नियमको प्रकृति र सीमा | बनाइने नियमबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|---|
| १. | दफा ६ को उपदफा (६) | (६) यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र वित्तीय प्रस्ताव अलग विषय विज्ञबाट निष्पक्ष मूल्याङ्कन गराउन र विस्तृत मूल्याङ्कन प्रतिवेदनको आधारमा विस्तृत परियोजना प्रतिवेदन र वित्तीय प्रस्ताव पुनर्विचार गर्न सक्नेछ । | ऐनको दफा ६ को उपदफा (१) देखि (५) का आयोजना कार्यान्वयन सम्बन्धी कार्यविधि अवलम्बन गर्दा खरिद सम्बन्धी सबै विधि नसमेटिन सक्ने र ऐन कार्यान्वयनको क्रममा कार्यविधि सम्बन्धी व्यवस्था गर्न सरकारलाई यस ऐनको अधीनमा रही कार्यविधि बनाउन सक्ने अधिकार प्रत्यायोजन गर्नुपर्ने भएकोले । | यस ऐनको उद्देश्य बमोजिम नियमावली वा यस्तै प्रकृतिको कार्यविधिगत कानून बनाउन सकिने । | यस ऐनमा उल्लिखित आयोजना कार्यान्वयन सम्बन्धी विधि र व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाइने हुँदा ऐन कार्यान्वयन गर्न सहज हुने । |
| २. | दफा ११ को उपदफा (४) | (४) प्रमुख कार्यकारी व्यवस्थापकको सेवा सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ। | प्रमुख कार्यकारी व्यवस्थापकको तलब भत्ता लगायत सेवा सुविधा प्रदेश सरकारले तोक्न उपयुक्त हुने भएकोले । | प्रदेश सरकारले निर्णय गरी स्पष्ट मापदण्डको आधारमा सेवा सुविधा तोक्नुपर्ने । | तत्कालीन परिस्थिति योग्यता, क्षमता र आवश्यकता लगायतको आधारमा सेवा सुविधा तोकि उपयुक्त उम्मेदवार नियुक्त गरी यो ऐनको उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहज हुने। |
| ३. | दफा २५ | २५. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ। | ऐन कार्यान्वयन गर्न नियमावली बनाउन आवश्यक हुने भएकोले । | ऐनको उद्देश्य र यसका प्रावधानहरु विपरीत नहुने गरी नियमावली बनाउने। | कार्यविधिगत स्पष्टता हुने र कार्यान्वयनमा सहजता हुने भएकोले । |

मा.मन्त्री
प्रकाश ज्वाला

# कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: कर्णाली प्रदेशका रणनीतिक महत्व र प्रदेश गौरवका पूर्वाधार विकास आयोजनाको छनौट र प्राथमिकीकरण गर्न, आयोजना कार्यान्वयनलाई तीव्र रुपमा अघि बढाउन, कुनै पनि आयोजनालाई समस्यारहीत तवरले निर्धारित लक्ष्य प्राप्त गर्नेगरी समयमै सम्पन्न गर्न र आम जनताको हित र सुविधाका लागि दिगो, स्तरीय, भरपर्दो र सुरक्षित बिकास एवं प्रदेशको समृद्धि र राष्ट्र निर्माणमा योगदान पुर्याउन बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "कर्णाली पूर्वाधार विकास प्राधिकरण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन" भन्नाले विकास आयोजनासँग सम्बद्ध कार्यक्रमको निर्धारित समय तालिका बमोजिमको कार्यान्वयन प्रगति समीक्षा समेतलाई सम्झनुपर्छ ।

(ख) "तोकिएबमोजिम भन्नाले" यस ऐन वमोजिम बन्ने नियमावलीमा तोकिएबमोजिम भन्ने सम्झनुपर्छ ।

(ग) "प्रमुख कार्यकारी व्यवस्थापक" भन्नाले प्राधिकरणको प्रमुख कार्यकारी व्यवस्थापक सम्झनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनुपर्छ ।

(ङ) "प्राथमिकता प्राप्त आयोजना" भन्नाले रणनीतिक सडक, विद्युत उर्जा, खानेपानी, सिंचाई, बस्ती विकास, सञ्चार एवं पर्यटन पूर्वाधार लगायतका प्राधिकरणले छनौट गरेका प्राथमिकता प्राप्त भौतिक पूर्वाधारका आयोजना सम्झनुपर्छ।

(च) "प्राधिकरण" भन्नाले दफा ३ वमोजिम गठन भएको प्राधिकरण सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजना तथा परियोजनासँग सम्बन्धित मन्त्रालयलाई सम्झनुपर्छ ।

(ज) "विद्युत उर्जा" भन्नाले पानी, सौर्य, वायु, भूतापीय तथा जैविक पदार्थ वा अन्य यस्तै कुनै स्रोतबाट उत्पादन हुने विद्युत उर्जा र तत्सम्बन्धी प्रशारण तथा वितरणसँग सम्बद्ध संरचना समेतलाई सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले प्राधिकरणको सदस्य सम्झनुपर्छ र सो शब्दले प्राधिकरणको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउनेछ ।

३. प्राधिकरण: कर्णाली सरकारले प्रदेश प्राथमिकता प्राप्त विकास आयोजना सम्बन्धी नीति निर्माण, योजना छनौट, निर्देशन, कार्यान्वयन तथा अनुगमन समेतका लागि एक कर्णाली पूर्वाधार विकास प्राधिकरण स्थापना गरिएको छ ।

मा.मन्त्री
प्रकाश ज्वाला

४. <u>प्राधिकरण संगठित संस्था हुने</u>: (१) दफा ३ बमोजिम गठित प्राधिकरण एक अविच्छिन्न, उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. <u>प्राधिकरणको काम, कर्तव्य तथा अधिकार</u>: (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशका रणनैतिक सडक, अन्तर प्रदेश जोड्ने सडक, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक, अन्तर जिल्ला जोड्ने सडक, औद्योगिक तथा ठूला परियोजना जोड्ने सडक लगायत प्रदेश गौरवका सडक पूर्वाधारको छनौट, कार्यान्वयन र अनुगमन गर्ने गराउने,

(ख) विद्युत उर्जाको उत्पादनमा वृद्धि गरी उत्पादित विद्युतको आन्तरिक खपत गर्ने वा उपयोग गर्न नसकेको परिणामको बिक्री तथा व्यवस्थापनका लागि आवश्यक संरचनाको विकास तथा निर्माण गर्ने गराउने,

(ग) ग्रीड प्रणालीको लागि अति आवश्यक हुने प्रशारण लाइन तथा वितरण प्रणालीलाई सक्दो प्राथमिकतामा राखी निर्माण, विस्तार वा स्तरोन्नति गर्ने गराउने,

(घ) उत्पादन, प्रशारण तथा वितरणको सन्तुलनका लागि उपयुक्त जलविद्युत आयोजनाको द्रुत कार्यान्वयन गर्ने गराउने,

(ङ) विद्युत विस्तार नभएका क्षेत्रमा ग्रामीण विद्युतीकरण गरी गाउँ बस्तीमा विद्युत विस्तार गर्ने,

(च) खानेपानी सम्बन्धी योजनाहरु सञ्चालन गरी स्वच्छ खानेपानीको वितरण प्रणाली निर्माण तथा सञ्चालन गर्ने गराउने,

(छ) कृषि उत्पादन बृद्धि गराउन र खाद्य सुरक्षा बढाउन कृषि तथा सिचाईका पूर्वाधार निर्माण गर्ने, कृषि भूमि उपयोग, कृषि उपज प्रशोधन तथा बजारीकरणको लागि आवश्यक यन्त्र उपकरण निर्माण तथा खरिद गर्ने र शितभण्डार, उच्च प्रविधिको (हाइटेक) नर्सरी निर्माण गर्ने,

(ज) एकीकृत बस्ती विकास तथा शहरलाई बढी व्यवस्थित गर्ने लगायत आवश्यक भौतिक पूर्वाधारको निर्माण र विस्तारका विकास कार्यक्रम सञ्चालन गर्ने गराउने,

(झ) प्रदेशभित्र रहेका पर्यटकीय क्षेत्रको विकास गर्न ठूला पर्यटकीय पूर्वाधार आयोजना निर्माण गर्ने गराउने,

(ञ) सूचना तथा सञ्चार प्रविधि सम्बन्धी ठूला पूर्वाधार आयोजनाहरु निर्माण गर्ने गराउने,

(ट) अस्पताल, स्वास्थ्य केन्द्र तथा शैक्षिक संरचना निर्माण गर्ने, गराउने,

मा.मन्त्री
प्रकाश ज्वाला

(ठ) ठूला रङ्गशाला, कभर्डहल जस्ता खेलकूद संरचना निर्माण गर्ने, गराउने।

(२) उपदफा (१) बमोजिमका कुनै विकास आयोजनासँग सम्बन्धित कार्यका सम्बन्धमा प्राधिकरणले आवश्यकता अनुसार निजी क्षेत्र, नागरिक समाज तथा लाभग्राही एवं प्रभावित पक्षसँग छलफल तथा परामर्श गर्न सक्नेछ । त्यसरी प्राधिकरणले आयोजनाका सम्बन्धमा लिएको निर्णय सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारको विषयलाई आवश्यकता अनुसार छिटो छरितो तरिकाले व्यवस्था गर्न प्राधिकरणले आवश्यकतानुसार विकास आयोजनाको कार्यान्वयनको लागि सम्बन्धित क्षेत्रका स्वदेशी वा विदेशी निजी वा सरकारी क्षेत्र तथा श्रम सहकारी, श्रम कार्यदल एवं श्रम बैंकसँग आयोजना विकास सम्झौता गर्न सक्नेछ ।

(४) प्राधिकरणबाट उपदफा (३) बमोजिम सम्पन्न आयोजना विकास सम्झौताको आधारमा विस्तृत कार्य योजना सहित प्राधिकरणले क्षेत्रगत विषयसँग सम्बन्धित आयोजना कार्यान्वयनका लागि प्रचलित कानून बमोजिम कम्पनी गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) को प्रयोजनको लागि स्थापना भएको कम्पनी मार्फत कार्यान्वयन हुने आयोजना प्राधिकरण स्वयंले नै सञ्चालन र कार्यान्वयन गरेको मानिनेछ ।

(६) विकास आयोजना कार्यान्वयन सम्बन्धी कार्यविधि कम्पनीको सिफारिशमा प्राधिकरणले स्वीकृत गर्नेछ।

(७) उपदफा (४) बमोजिम सम्बद्ध कम्पनी मार्फत कार्यान्वयन हुने आयोजनाको लागि प्राधिकरणले आवश्यकतानुसार निर्देशन वा आदेश दिन सक्नेछ । त्यस्तो आदेश वा निर्देशन पालना गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

(८) उपदफा (७) बमोजिम भएको आदेश वा निर्देशन पालना गर्न कुनै कठिनाइ उत्पन्न भएमा सोको जानकारी तत्काल प्राधिकरणलाई गराई जो चाहिने आवश्यक निकासा गराउने कार्य तत्काल गराउनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम भएको आदेश वा निर्देशन पालना नगर्ने कम्पनीलाई विकास आयोजना कार्यान्वयनमा भएको विलम्ब वा क्षति समेतको आधारमा क्षतिपूर्ति भराउन सक्नेछ ।

(१०) प्राधिकरणले छनौट गरेका योजना कार्यान्वयनका लागि आयोजना प्रमुख नियुक्त गर्नेछ ।

६. <u>आयोजनाको कार्यान्वयन</u>: (१) आयोजना कार्यान्वयन गर्ने निर्णय भई आयोजना कार्यान्वयन गर्दा यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्दा मन्त्रालयले देहायको कुनै कार्यालयलाई त्यसको जिम्मेवारी तोकी कार्यान्वयन गर्नुपर्नेछः-

(क) आफ्नो मातहतमा रहेको कुनै आयोजना कार्यालय, सङ्गठित संस्था वा प्रस्तावित आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारले स्थापना गर्ने कुनै निकाय,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकांश स्वामित्व भएको सङ्गठित संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिमका संस्थाको पूर्ण वा अधिकांश स्वामित्व रहेको कुनै सङ्गठित संस्था,

मा.मन्त्री
प्रकाश ज्वाला

(घ) आयोजनासँग सम्बन्धित विषयमा कुनै मित्र राष्ट्रसँग भएको सम्झौता बमोजिम स्थापित कार्यालय वा एकाई ।

(३) यस दफा बमोजिम आयोजना कार्यान्वयन गर्दा देहायको खरिद विधिमध्ये कुनै विधि अवलम्बन गर्न सकिनेछः-

(क) संरचनात्मक वा एकाइ दरमा आधारित (युनिट बेस्ड) करार,

(ख) डिजाइन तथा निर्माण करार,

(ग) इन्जिनियरिङ्ग प्रोक्यूरमेन्ट (इपिसी) करार,

(घ) इन्जिनियरिङ्ग प्रोक्यूरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनान्सिङ्ग (इपिसिएफ) करार,

(ङ) टर्न की करार,

(च) अन्तरसरकारी सम्झौता अन्तर्गत हुने निर्माण करार।

(४) मन्त्रालयले उपदफा (३) मा उल्लिखित खरिद विधिमध्ये सो उपदफाको खण्ड (ग) वा (घ) मा उल्लिखित विधि अवलम्बन गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कर्णाली सरकारको स्वीकृति लिनुपर्नेछ ।

(५) मन्त्रालयले उपदफा (३) को खण्ड (ग) र (घ) बाहेक खरिद विधि अवलम्बन गर्दा प्रदेश सरकारको स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(६) यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र वित्तीय प्रस्ताव अलग विषय विज्ञबाट निष्पक्ष मूल्याङ्कन गराउन र यो मूल्याङ्कन प्रतिवेदनको आधारमा विस्तृत परियोजना प्रतिवेदन र वित्तीय प्रस्ताव पुनर्विचार गर्न सक्नेछ ।

(७) उपदफा (३) बमोजिमको खरिद विधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>कार्यान्वयन तालिका निर्धारण गर्नुपर्नेः</u> (१) मन्त्रालयले आयोजना कार्यालयको सिफारिसमा आयोजना कार्यान्वयन पूरा गरी सक्नुपर्ने दिन यकिन गरी आयोजना कार्यान्वयन समय तालिका (प्रोजेक्ट इम्प्लिमेन्टेशन टाइम शेड्यूल) निर्धारण गरी स्वीकृत गर्नुपर्नेछ र सोको जानकारी निर्देशक समितिलाई दिनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन समय तालिकामा आयोजना कार्यान्वयन गरिसक्नुपर्ने कूल अवधिको कार्य तालिकाका अतिरिक्त प्रत्येक वर्ष गरिसक्नुपर्ने कामको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरणमा अन्य कुराको अतिरिक्त प्रत्येक चार महिनामा निर्माणकर्ताले आयोजना कार्यान्वयनका लागि सम्पादन गरिसक्नु पर्ने कामको विवरण, जिम्मेवार व्यक्ति र कार्यसम्पादनबाट हासिल हुनुपर्ने उपलब्धिको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयन समय तालिका बमोजिम कार्यसम्पादन गरी आयोजना कार्यान्वयनको उपलब्धि हासिल गर्नु आयोजना कार्यालय, सुपरीवेक्षक इञ्जिनियर, निर्माणकर्ता र कार्यकारी निर्देशकको कर्तव्य हुनेछ।

(५) आयोजना कार्यान्वयन समय तालिका सुपरीवेक्षक, इञ्जिनियर तथा निर्माणकर्तासँग हुने करारको अभिन्न अङ्ग हुनेछ ।

मा.मन्त्री
प्रकाश ज्वाला

(६) सम्बन्धित मन्त्रालयको स्वीकृति नलिई आयोजना कार्यान्वयन समय र लागत बढ्ने गरी तालिका परिवर्तन गर्न पाईने छैन।

८. <u>निर्देशक समिति:</u> (१) प्राधिकरणको नीति निर्माण, योजना स्वीकृति, निर्देशन र अनुगमन समेतका लागि देहाय बमोजिम निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | अध्यक्ष |
| (ख) | मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | उपाध्यक्ष |
| (ग) | मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (घ) | उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | सदस्य |
| (ङ) | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| (च) | प्रमुख कार्यकारी व्यवस्थापक | सदस्य सचिव |

(२) प्राधिकरणको बैठकमा आवश्यकता अनुसार मन्त्री, सचिव र विशेषज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रदेशको विकास र समृद्धिका लागि महत्वपूर्ण विकास आयोजनाहरुको पहिचान गरी प्राधिकरणले उक्त आयोजनाहरुलाई प्राथमिकता प्राप्त आयोजनाका रुपमा विषयगत वर्गीकरण गर्नेछ ।

(४) प्राधिकरणले आफ्नो काम कारबाही प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार विज्ञहरु समावेश भएको सुझाव समिति गठन गरी आवश्यक कार्य विवरण तोकी सुझाव लिन सक्नेछ।

९. <u>निर्देशक समितिको बैठक सम्बन्धी व्यवस्था:</u> (१) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । बैठकमा कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य संख्यालाई गणपूरक सदस्य संख्या मानिनेछ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(४) प्राधिकरणको बैठक सम्बन्धी अन्य कार्यविधि प्राधिकरण आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) प्राधिकरणको बैठकको निर्णय प्रमुख कार्यकारी व्यवस्थापकले प्रमाणित गर्नेछ ।

१०. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राधिकरणको योजनाको तर्जुमा, कार्यान्वयन र अन्य विषय सम्बन्धी नीति निर्माण गर्ने,

(ख) प्राधिकरणको विकास आयोजनालाई अन्तिम रुप दिने,

(ग) प्राधिकरणको विकास योजना अन्तर्गतका कार्यक्रमहरुको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने,

(घ) प्राधिकरणको वार्षिक बजेट र विनियमावलीहरु स्वीकृत गर्ने,

मा.मन्त्री
प्रकाश ज्वाला

(ङ) व्यवस्थापन समितिलाई अन्य आवश्यक निर्देशन दिने,

(च) आयोजनाको निर्माण तथा खरिद विधि तय गर्ने ।

११. <u>प्रमुख कार्यकारी व्यवस्थापकः</u> (१) प्रदेश सरकारले प्राधिकरणको दैनिक प्रशासन सञ्चालन लगायतका कार्य सम्पादन गर्नका लागि एक जना प्रमुख कार्यकारी व्यवस्थापक नियुक्त गर्नेछ ।

(२) प्रमुख कार्यकारी व्यवस्थापकको योग्यता देहाय बमोजिम हुनेछः

(क) मान्यता प्राप्त विश्वविध्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) सरकारी, नीजि तथा कुनै स्वदेशी वा विदेशी पूर्वाधार विकास, परियोजना व्यवस्थापनसँग सम्बन्धित संस्थामा कम्तिमा दश वर्ष काम गरेको अनुभव भएको,

(३) प्रमुख कार्यकारी व्यवस्थापकको कार्यकाल चार वर्षको हुनेछ,

(४) प्रमुख कार्यकारी व्यवस्थापकको सेवा सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

१२. <u>सिफारिश समितिः</u> (१) प्रमुख कार्यकारी व्यवस्थापकको नियुक्तिको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्न देहाय बमोजिमको एक सिफारिश समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्ष | संयोजक |
| (ख) | प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| (ग) | प्रदेश सरकारले तोकेको पूर्वाधार विषयको विज्ञ एक जना | सदस्य |

(२) सिफारिश समितिले दफा १० बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट छनौट गरी तीन जनाको नाम प्रदेश सरकार समक्ष सिफारिश गर्नेछ। प्रदेश सरकारले सिफारिश गरेका व्यक्तिहरु मध्येबाट एकजना व्यक्तिलाई प्रमुख कार्यकारी व्यवस्थापकमा नियुक्त गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता पूरा भएका आवेदकहरु तीनजना भन्दा कम भए पनि सिफारिश गर्न र नियुक्ति गर्न बाधा पर्नेछैन ।

(४) सिफारिश समितिले प्रमुख कार्यकारी व्यवस्थापकको नियुक्तिको लागि सिफारिश गर्दा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको आधार लिई सिफारिश गर्नु पर्नेछ । अन्य प्रक्रिया सिफारिश समितिले आफै निर्धारण गर्न सक्नेछ ।

१३. <u>व्यवस्थापन समितिः</u> निर्देशक समितिले छनौट गरेका विकास योजनाहरु कार्यान्वयन गर्नका लागि प्रमुख कार्यकारी व्यवस्थापकको अध्यक्षतामा देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख कार्यकारी व्यवस्थापक | अध्यक्ष |
| (ख) | सडक वा पूर्वाधार क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको एक जना विज्ञ | सदस्य |
| (ग) | उर्जा, जल विद्युत क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको एक जना विज्ञ | सदस्य |
| (घ) | पर्यटन, सूचना, सञ्चार तथा प्रविधि क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको एक जना विज्ञ | सदस्य |

मा.गोपी प्रकाश ज्वाला

(ङ) कृषि विकास, अनुसन्धान र आधुनिक कृषि वा नवप्रवर्तन सहितको क्षेत्रमा १० वर्ष काम गरेको विज्ञ — सदस्य
(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य
(छ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय — सदस्य
(ज) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय — सदस्य-सचिव

(२) विज्ञ सदस्यहरुको सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्राधिकरणले सञ्चालन गर्ने योजना छनौट गरी स्वीकृतिका लागि पेश गर्ने,
(ख) आयोजना कार्यान्वयन गर्ने, गराउने,
(ग) आयोजना सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने,
(घ) आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधानको लागि पहल गर्ने,
(ङ) प्राधिकरणबाट सञ्चालन भएका योजनाको अनुगमन कार्ययोजना बनाई अनुगमन गरी सुझाव दिने,
(च) निर्देशक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१४. पूर्वाधार विकास कोष: (१) प्राधिकरणबाट प्राथमिकता प्राप्त विकास आयोजनाहरु सञ्चालन गर्नका लागि एउटा छुट्टै कर्णाली पूर्वाधार विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) प्रदेश सरकारबाट प्राप्त रकम,
(ख) स्वदेशी लगानीकर्ता, नीजि, सहकारीबाट प्राप्त रकम,
(ग) संघीय सरकारको सहमतिमा कुनै मित्र राष्ट्र, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायता वा तोकिएको विकास निर्माणका लागि प्राप्त रकम,
(घ) विदेशी लगानीकर्ताबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) माथि उपदफा (१) र (२) का अतिरिक्त प्राधिकरण स्वयंले सम्बन्धित आयोजना कार्यान्वयनका लागि नियुक्त गर्ने प्रवर्दक कम्पनीबाट समेत आवश्यक स्रोत जुटाउने गरी विकास आयोजनाको कार्यान्वयनको ढाँचा सुनिश्चित गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रवर्धक कम्पनीले विकास आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत जुटाउँदा सम्बन्धित कम्पनीको माग बमोजिम आवश्यक स्रोतका लागि प्राधिकरणको सिफारिशमा आयोजना कार्यान्वयनको प्रतिबद्धता लगायत आवश्यक सहजीकरणको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(५) यस कोषमा रहेको रकम एक आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा आगामी आर्थिक वर्षको लागि सञ्चित गरी राख्न सकिनेछ ।

(६) कोषको सञ्चालन प्रमुख कार्यकारी व्यवस्थापक र प्रदेश निजामती सेवाको लेखा सम्बन्धी कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१५. वार्ताद्वारा खरिद गर्न सक्ने: (१) प्रचलित कानुनको अधीनमा रही यस ऐनको व्यवस्था बमोजिम कार्यान्वयन गरिने विकास आयोजनाहरुका हकमा प्राधिकरणको निर्णय बमोजिम खरिद सम्बन्धी

मा.मन्त्री
प्रकाश ज्वाला

अन्य प्रक्रिया प्रदेश खरिद कानून बमोजिम र ऐनको दफा ६ बमोजिमका खरिद प्रक्रियाबाट गरिनेछ । यसरी खरिद गर्न नसकिने अवस्था भएमा सोको स्पष्ट कारण सहित प्राधिकरणबाट निर्णय भए बमोजिम वार्ताद्वारा सोझै खरिद गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खरिद गर्दा सम्बन्धित क्षेत्रको अनुभव, विश्वसनीयता, जनशक्ति, प्राविधिक क्षमता, यन्त्र उपकरण, विगतको कार्य अनुभव, आर्थिक तथा वित्तीय क्षमता लगायतका विषयको वस्तुगत आधार र मापदण्ड समेतको आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम खरिदको प्रक्रियाको लागि प्राधिकरणले विषय विज्ञ सहितको समिति गठन गरी विस्तृत अध्ययन गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम खरिद निर्णय भएपछि त्यसको कार्यान्वयन गर्नुपर्ने सम्पूर्ण विषयको व्यवस्थापन आयोजना कार्यान्वयनसँग सम्बद्ध संस्थाले गर्नेछ।

(५) उपदफा (३) बमोजिम गठित समितिले आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन प्राधिकरणले निर्धारण गरेको समय सीमाभित्र प्रस्तुत गर्नुपर्नेछ ।

(६) प्रदेश सरकारले स्थापना गरेको सार्वजनिक निर्माण सम्बन्धी कम्पनी मार्फत आयोजना सञ्चालन गर्नेगरी निर्णय भएमा सम्बद्ध कम्पनीको ऐन तथा आर्थिक नियमावली मुताविक हुनेछ।

(७) यस दफा बमोजिम गरिएको खरिद प्रक्रियाको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

१६. <u>जग्गा प्राप्त गर्न सक्ने</u>: (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारले यस ऐन बमोजिम विकास आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गा प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्ति गर्दा सो बापत जग्गाधनीलाई उपलब्ध गराउनुपर्ने मुआव्जाको रकम प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

(३) यस दफा बमोजिम विकास आयोजना कार्यान्वयन वा सञ्चालनका लागि आवश्यक पर्ने जग्गाको प्राप्ति कार्यमा सम्बन्धित सबै पक्षले आवश्यक सहयोग पुर्याउनुपर्नेछ।

(४) यस ऐन बमोजिम विकास आयोजनाको कार्यान्वयन वा सञ्चालन गर्दा वन क्षेत्र वा निकुञ्ज वा संरक्षित क्षेत्रभित्रको जग्गा आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिम प्रदेश सरकारले आवश्यक प्रबन्ध गरी त्यस्तो जग्गा उपयोगको व्यवस्था मिलाउनेछ ।

(५)जग्गा प्राप्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>मुआव्जा सम्बन्धी व्यवस्था</u>: (१) दफा १६ बमोजिम जग्गा प्राप्त गर्दा प्रचलित कानुन बमोजिम सम्बन्धित जग्गाधनीलाई मुआब्जा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुआब्जा उपलब्ध गराउँदा जग्गा प्राप्त गर्ने निर्णय भएको अघिल्लो दिनसम्मको जग्गाको रजिष्ट्रेशनको प्रयोजनको लागि निर्धारण गरेको मूल्यलाई आधार लिनुपर्नेछ ।

(३) जग्गा प्राप्त गर्दा कुनै घर, टहरा, रुख वा बाली हानी नोक्सानी हुने भएमा सोको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति दिनुपर्नेछ ।

(४) यस दफा बमोजिम जग्गा प्राप्ति गर्दा जग्गाधनीको सम्पूर्ण जग्गाको पचास प्रतिशत वा सो भन्दा बढी जग्गा वा निज बसिरहेको घर भएको जग्गा प्राप्त गर्नुपर्ने भएमा जग्गाधनीको

मा.मन्त्री
प्रकाश ज्वाला

सहमतिमा तोकिए बमोजिमको मुआब्जा दिने वा अन्यत्र त्यस्तै स्थानमा बसोबासको लागि प्रदेश सरकारबाट जग्गा उपलब्ध गराउन सकिनेछ ।

१८. <u>बाधा विरोध गर्न नहुने:</u> (१) यस ऐन बमोजिमका विकास आयोजनासँग सम्बन्धित कर्मचारी, कामदार वा श्रमिकले कुनै किसिमको बन्द, हडताल, धर्ना वा घेराउ गर्न वा गराउन पाइने छैन ।

(२) आयोजनाको कार्यमा बाधा वा अवरोध पुग्ने गरी कोही कसैले बन्द, हडताल, धर्ना वा घेराउ गर्न वा गराउन पाइने छैन ।

(३) उपदफा (१) वा (२) विपरित हुने गरी कसैले बन्द, हडताल, धर्ना वा घेराउ गरी कुनै भौतिक वा मानवीय क्षति हुन गएमा सम्बन्धित पक्षबाट सोको क्षतिपूर्ति भराइनेछ।

१९. <u>बजेटको व्यवस्था:</u> (१) यस ऐन बमोजिमको विकास आयोजनाका लागि आवश्यक पर्ने बजेट कार्यक्रम स्वीकृत गराई दफा १४ बमोजिमको कोषबाट विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको लागत, आयोजना सम्पन्न हुने अवधि, आयोजना कार्यान्वयन हुने कार्यतालिका, ठेक्कापट्टाको शर्त र आवश्यकताको आधारमा बजेट विनियोजन गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम कार्यान्वयन हुने विकास आयोजनाहरु एक वर्ष भन्दा बढि समय लाग्ने भएमा बहुवर्षीय ठेक्का प्रक्रियामा जान सक्ने गरी निर्णय गरेर सञ्चालन गर्न सकिनेछ ।

२०. <u>प्राधिकरणका पदाधिकारी तथा कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम आवश्यक कर्मचारी उपलब्ध हुन नसकेमा प्रदेश सरकारको स्वीकृतिमा आवश्यक कर्मचारी प्रचलित कानुन बमोजिम प्राधिकरणले व्यवस्था गर्नेछ।

२१. <u>वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा:</u> (१) यस ऐन बमोजिम सञ्चालन गरिने विकास आयोजनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा छिटो, छरितो र संक्षिप्त प्रक्रिया अवलम्बन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा विकास आयोजनाको लाभ लागत तथा आर्थिक पक्षलाई मूल्याङ्कनको प्रमुख आधार बनाउनु पर्नेछ ।

२२. <u>विकास आयोजना कार्यान्वयनको अनुगमन:</u> (१) प्राधिकरण मार्फत सञ्चालन हुने विकास आयोजनाहरुको आवधिक अनुगमन र मूल्याङ्कन गर्न प्रदेश सरकारको प्रमुख सचिवको संयोजकत्वमा सम्बन्धित मन्त्रालयको सचिव र सम्बन्धित क्षेत्रको विषय विज्ञसहितको अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिलाई अवरोधरहित तवरबाट अनुगमन सञ्चालन गर्न गराउन आवश्यक सबै प्रशासनिक प्रक्रियाको प्रयोग र निर्णय गर्ने अधिकार हुनेछ । यसको लागि स्थानीय प्रशासनको सहयोग लिन सकिनेछ। यस्तो सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

२३. <u>लेखा र लेखापरीक्षण:</u> (१) प्राधिकरणको लेखा प्रदेश सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम हुनेछ।

(२) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

मा.मन्त्री
प्रकाश ज्वाला

(३) प्रदेश सरकारले चाहेमा प्राधिकरणको हिसाब किताब सम्बन्धी कागजातहरु र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न र जाँच्न लगाउन सक्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

२४. <u>वार्षिक प्रतिवेदनः</u> (१) प्राधिकरणले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आफूले गरेका काम कारबाहीको प्रगति तथा आयोजना कार्यान्वयनमा सामना गर्नु परेका विषयहरु र समाधानको पहल समेत समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम प्राप्त हुन आएको वार्षिक प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्नेछ।

२५. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२६. <u>बचाउः</u> यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ। अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

मा.मन्त्री
प्रकाश ज्वाला